लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक

लिखित परीक्षा

२०८१।०२।१७

चरण : द्वितीय
पत्र : प्रथम
समय : ३ घण्टा

पूर्णाङ्क १००

विषय : Economics

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

## खण्ड "क" ५० अङ्क

१. सार्वजनिक खर्च भनेको के हो? नेपालको सार्वजनिक खर्च व्यवस्थापनमा देखिएका समस्याहरू प्रस्तुत गर्नुहोस् । २+३=५

(What is public expenditure? Present the problems observed in public expenditure management in Nepal.)

२. नेपालको विकासमा वैदेशिक सहायताको महत्त्व प्रकाश पार्नुहोस् । ५

(Highlight the importance of foreign aid in Nepal's development.)

३. नेपालको विकासका लागि घाटा बजेटको आवश्यकता छ भन्ने भनाइमा तपाईं कति सहमत हुनुहुन्छ? आफ्नो तर्क दिनुहोस् । ५

(Do you agree deficit financing is necessary for Nepal's development? Give your arguments.)

४. आर्थिक वृद्धि भनेको के हो? यसको निर्धारकहरू व्याख्या गर्नुहोस् । २+३=५

(What is economic growth? Explain its determinants.)

५. गरिबी र आय असमानताबीचको सम्बन्ध प्रष्ट्याउँदै नेपालमा आय असमानता उच्च रहनुका कारणहरू उल्लेख गर्नुहोस् । २+३=५

(Explaining the relation between poverty and income inequality, outline the reasons for higher income inequality in Nepal.)

६. नेपालमा सार्वजनिक संस्थानको निजीकरणबाट परेको प्रभाव संक्षिप्तमा विश्लेषण पार्नुहोस् । ५

(Analyze briefly about the impact of privatization of public enterprises in Nepal.)

७. द्वैधाधिकारी बजारमा मूल्य निर्धारण कसरी हुन्छ? उदाहरण सहित व्याख्या गर्नुहोस् । ५

(Explain with the example how price is determined in a duopoly market.)

८. डेडवेट लसलाई पूर्ण प्रतिस्पर्धी र एकाधिकार बजारको सन्दर्भमा व्याख्या गर्नुहोस् । ५

(Explain the Deadweight Loss in the context of perfect competitive and monopoly market.)

९. सरकारले मूल्य सीमा र न्यूनतम समर्थन मूल्य नीति लागु गर्दाका भिन्न परिदृश्यहरूमा बजारमाथि पर्ने प्रभाव उपयुक्त रेखाचित्रको सहायताले व्याख्या गर्नुहोस् । १०

(With the help of an appropriate diagram, explain the impact on the market in different scenarios, when the government introduces the policy of price ceiling and minimum support price.)

## खण्ड "ख" ५० अङ्क

१०. अन्तर्राष्ट्रिय व्यापारको विकासमा विश्व व्यापार संगठनले खेलेको भूमिका प्रकाश पार्नुहोस् । ५
(Highlight the role of World Trade Organization in the development of international trade.)

११. भुक्तानी सन्तुलनको मौद्रिक विश्लेषण भन्नाले के बुझिन्छ? नेपालको सन्दर्भमा यसको उपादेयताको विश्लेषण गर्नुहोस् । १०
(Discuss monetary approach to balance of payments and its applicability in Nepal's context.)

१२. वित्तीय र मौद्रिक नीतिमा गरिने परिवर्तनहरूले कुनै अर्थतन्त्रभित्र कसरी अन्तरक्रिया गर्छन्? IS-LM मोडेलको मद्दतले तिनमा देखिने परिवर्तन सहित व्याख्या गर्नुहोस् । १०
(How do changes in fiscal and monetary policy interact in an economy? Explain it with the help of IS-LM model showing appropriate shifts in the diagram.)

१३. कुल गार्हस्थ उत्पादनको मापन गर्ने खर्च विधि, आय विधि र मूल्य अभिबृद्धि विधिको परिचय दिनुहोस् । साथै, नेपालमा कुल गार्हस्थ उत्पादनको मापनमा देखिएका समस्याहरूको विश्लेषण गर्दै समाधानका लागि व्यावहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् । ३+४+३=१०
(Introduce expenditure approach, income approach and value added approach to measure GDP. Also, analyze the problems in GDP computation in Nepal and suggest practical solution.)

१४. मौद्रिक तथा सरकारी वित्त नीतिबीचको समन्वय आर्थिक बृद्धि तथा स्थायित्वका लागि आवश्यक ठानिन्छ । तर सरकारी वित्त नीति तर्जुमा र कार्यान्वयन गर्ने अर्थ मन्त्रालयको कार्यक्षेत्र मौद्रिक नीति तर्जुमा र कार्यान्वयन गर्ने केन्द्रीय बैंकको जिम्मेवारीसँग तादात्म्य नहुन सक्छ । प्रस्तुत सन्दर्भमा यी दुई नीति बीच कसरी तादात्म्य कायम गर्दै आर्थिक बृद्धि तथा स्थायित्व हासिल गर्न सकिन्छ? नेपालको सन्दर्भमा विश्लेषण गर्नुहोस् । १५
(Coordination between monetary and fiscal policy is critical for economic growth and stability. However, the mandate of government which conducts fiscal policy may not always synchronize with that of the central bank which conducts monetary policy. In the above mentioned context, how would these policies be coordinated for economic growth and stability? Analyze with reference to Nepal.)

:: समाप्त ::

## लोक सेवा आयोग
## नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०२।१८

चरण : द्वितीय
पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : Management

> प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ५० अङ्क

१. मेट्रिक्स संगठनका फाइदाहरू प्रकाश पार्नुहोस् । साथै, कस्ता अवस्थाहरूमा यस्ता संगठन बढी उपयुक्त हुन्छन्? व्याख्या गर्नुहोस् । २+३=५
(Highlight the advantages of matrix organization and explain the conditions where this organizational structure would be most appropriate.)

२. आधुनिक सूचना प्रविधिको प्रयोगले औचित्यपूर्ण व्यवस्थाकीय निर्णय गर्ने कार्यमा कसरी योगदान पुऱ्याउन सक्छ? संक्षिप्तमा टिप्पणी गर्नुहोस् । ५
(Make comments briefly on how use of modern information technology can contribute towards making rational managerial decision.)

३. सदाचारी नेतृत्वलाई किन नेतृत्वको प्रकार मात्र होइन नेतृत्व क्षमता पनि मानिएको छ? छोटोमा लेख्नुहोस् । ५
(Why is ethical leadership considered not only as leadership type but also leadership competence? Write in short.)

४. जनशक्ति व्यवस्थापनका मुख्य मुख्य अवयवहरू चर्चा गर्नुहोस् । ५
(Describe the major components of Human Resource Management.)

५. कर्मचारीलाई पारिश्रमिकद्वारा उत्प्रेरित गर्नु र लाभको हिस्सेदारीद्वारा उत्प्रेरित गर्नुमा के के भिन्नता रहेका छन्? लेख्नुहोस् । ५
(What are the differences between motivating staff through compensation and motivating through benefit-sharing? Write.)

६. संगठनभित्र कर्मचारीको आफ्नो कामप्रतिको कटिबद्धता किन मापन गर्नुपर्छ? यसको मुख्य मापन विधिहरू के हुन सक्छन्? लेख्नुहोस् । २+३=५
(Why is measurement of staffs' commitment towards his/her own job needed? What are its main measures? Write.)

७. रणनीतिक योजनाको अवधारणामाथि प्रकाश पार्नुहोस् । खास गरी सार्वजनिक/सरकारी संस्थामा यसको महत्त्व के छ? व्याख्या गर्नुहोस् । ५+५=१०
(Highlight the concept of strategic planning. Why is it important particularly in public/government institutions? Explain.)

८. आधुनिक संगठनमा कर्मचारीहरूको विविधता भनेको के हो? यस्तो विविधता व्यवस्थापन किन गर्नुपर्छ? यस्तो व्यवस्थापन नगर्दा के हुन सक्छ? लेख्नुहोस् । ३+३+४=१०
(What does staff diversity mean in modern organization? Why is management of staff diversity needed? What is likely to happen if the diversity is not managed? Write.)

## खण्ड "ख" — ५० अङ्क

९. पूँजी बजार र मुद्रा बजारलाई परिभाषित गर्दै यी दुईबीचको फरक छुट्याउनुहोस् । २५+२५=५
(Define and differentiate Capital Market and Money Market.)

१०. औषत कुल लागत बक्र किन सामान्यतया "U" आकारमा हुन्छ? यस्तो आकार बन्न कुन तत्वले योगदान गरेको हुन्छ? लेख्नुहोस् । ५
(Why is the Average Total Cost Curve typically U-shaped? What factors contribute to this shape? Write.)

११. कुनै पनि उद्यम वा व्यवसायको लागत केन्द्र र मुनाफा केन्द्रबीचको फरक लेख्नुहोस् । ५
(Write down the difference between the cost center and profit center of an enterprise.)

१२. वित्तीय संस्थाहरूमा अल्पकालीन तथा दीर्घकालीन रूपमा नगदको प्रक्षेपण गर्ने विधिहरू संक्षेपमा व्याख्या गर्नुहोस् । नेपालका वाणिज्य बैंकहरूमा तरलता व्यवस्थापन सम्बन्धमा रहेका प्रमुख सवालहरूको पहिचान गरी समाधानका उपायहरू सुझाउनुहोस् । ५+५=१०
(Briefly explain the short-term and long-term cash forecasting methods in financial institutions. Identify key issues and suggest measures for managing liquidity in the commercial banks of Nepal.)

१३. संरचनात्मक समायोजन कार्यक्रम अन्तर्गत सन् १९८५ मा सुरू भएको पहिलो वित्त सुधार कार्यक्रमबाट नेपालमा हालसम्म भएको वित्त सुधार कार्यक्रमको छोटकरीमा सिंहावलोकन गर्नुहोस् । १०
(Give a brief overview of finance sector reform to date in Nepal starting from the first finance sector reform 1985 under the Structural Adjustment Program.)

१४. खुला बजार तथा उदार आर्थिक नीति कार्यान्वयनमा ल्याए पनि नेपालको अर्थतन्त्रले पटक पटक बजार असफलताका समस्याहरू झेल्ने गरेको छ । नेपाली उपभोक्ताहरू मूलतः चाडबाडका समयमा वस्तु तथा सेवाहरूको अभाव र अप्रत्यासित उच्च बजार मूल्यबाट पीडित हुने गर्दछन् । यस सन्दर्भमा नेपालमा बजार असफलताका प्रमुख कारणहरू उल्लेख गर्नुहोस् र ती असफलतासँग लड्नका लागि आवश्यक नीतिगत, संस्थागत तथा अन्य उपायहरू सुझाउनुहोस् । ८+७=१५
(Despite the implementation of open market and liberalized economic policies, Nepal's economy repeatedly faces the problem of market failure. Nepali consumers often suffer from the unavailability of goods and services and an unprecedented price hike is usual especially during the festive seasons. In this context, describe the key reasons for market failure in Nepal and suggest necessary policy, institutional and other measures to combat them.)

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक

लिखित परीक्षा

२०८१।०२।१९

चरण : द्वितीय
पत्र : तृतीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

**विषय : Research Methodology, Information and Communication Technology, Banking Laws and Regulations**

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड 'क'** — ५० अङ्क

१. अनुसन्धान प्रक्रियामा समस्यालाई उचित किसिमबाट परिभाषित गर्नु किन महत्त्वपूर्ण हुन्छ? उल्लेख गर्नुहोस् । साथै, समस्यालाई परिभाषित गर्दा अवलम्बन गर्नुपर्ने विधि वर्णन गर्नुहोस् । ४+६=१०
(In research, why is it important to define research problem appropriately? Mention. Also, explain the techniques involved in defining the research problem.)

२. नमूना डिजाइन भनेको के हो? नमूना डिजाइनका अंगहरू के के हुन्? स्नो बल नमूना छनौट विधि फाइदा र बेफाइदाहरू सहित वर्णन गर्नुहोस् । १+३+६=१०
(What is sample design? What are the components of a sample design? Explain Snowball Sampling Method with its advantages and limitations.)

३. यदि तपाईँलाई लघुवित्त संस्थाहरूका ऋणीहरूको ऋणको अवस्था विषयक अनुसन्धान अध्ययनको प्रश्नावली बनाउने जिम्मा दिइयो भने ऋणीहरूका लागि प्रश्नावली कसरी बनाउनुहुन्छ? उदाहरण सहित वर्णन गर्नुहोस् । १०
(If you are assigned to prepare a questionnaire for the research study on 'Loan status of loanee of microfinance institutions', how would you prepare the questionnaire for loanee? Describe with examples.)

४. तथ्यांकको विश्वसनीयता र वैधताबीचको सम्बन्ध भन्नाले के बुझिन्छ? Multi-item Scale को वैधताको परीक्षण गर्ने तरिका व्याख्या गर्नुहोस् । ५+५=१०
(What is meant by the relationship between reliability and validity of data? Explain the way to assess the validity of a multi-item scale.)

५. अनुसन्धान प्रस्तावका अवयवहरू के के हुन्? छोटकरीमा जानकारी गराउनुहोस् । यदि तपाईं कुनै अनुसन्धान प्रस्ताव तयार गर्दै हुनुहुन्छ भने उक्त अनुसन्धानमा प्रयोग गरिने अध्ययन विधिलाई कसरी परिभाषित गर्नुहुन्छ? लेख्नुहोस् । ५+५=१०
(What are the components of research proposal? Briefly describe. If you are preparing the research proposal, how do you define the research methods used in the research? Write.)

**खण्ड 'ख'** — २५ अङ्क

६. कम्प्युटर प्रणाली भनेको के हो? कम्प्युटर अपरेटिङ सिस्टमका कार्यहरूको व्याख्या गर्नुहोस् १+४=५
(What is a Computer System? Explain the functions of Computer Operating System.)

७. व्यापार र व्यवस्थापनमा वर्ड प्रोसेसिङ, स्प्रेडसिट र प्रस्तुतीकरण सफ्टवेयरको कार्यहरू र प्रयोगहरू छलफल गर्नुहोस् । ५
(Discuss the functions and applications of word processing, spreadsheet and presentation software in business and management.)

८. LAN, WAN र MAN का प्रमुख विशेषता र उपयोगिता वर्णन गर्नुहोस् । साथै, Internet र Intranet का बीचमा फरक छुट्याउनुहोस् । ३+२=५
(Explain the major features and uses of LAN, WAN and MAN. Also, differentiate between Internet and Intranet.)

९. डाटावेशको परिभाषा दिनुहोस् । डाटावेश व्यवस्थापन प्रणालीका कार्यहरू संक्षिप्तमा चर्चा गर्नुहोस् । १+४=५
(Define Database. Discuss the functions of database management system in brief.)

१०. सूचना प्रविधिको व्यापक प्रयोगसँगै बैंकिङ् प्रणालीमा सिर्जित जोखिमको विश्लेषण गर्दै जोखिम न्यूनीकरणका उपायहरू वर्णन गर्नुहोस् । ३+२=५
(Analyzing the risks associated with the widespread use of information technology in banking sector, describe the measures for minimizing those risks.)

## खण्ड "ग" २५ अङ्क

११. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा उल्लेख भए अनुसार नेपाल राष्ट्र बैंकका उद्देश्यहरू वर्णन गर्नुहोस् । ५
(Describe the objectives of the Nepal Rastra Bank as mentioned in the Nepal Rastra Bank Act, 2058.)

१२. कस्तो अवस्थामा बैंक वा वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद गर्न सक्दछ? उल्लेख गर्नुहोस् । ५
(In which conditions a bank or financial institution may buy-back its own share? Mention.)

१३. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ ले कुन कुन कार्यहरूलाई सम्पत्ति शुद्धीकरणको कसूर मानेको छ? ती कसूरहरू गरेमा हुने सजाय समेत लेख्नुहोस् । ३+२=५
(Which acts are considered money laundering offenses under the Money Laundering Prevention Act, 2064? Also, write down the punishment for committing those crimes.)

१४. बैंकिङ्ग कसूर भन्नाले के बुझिन्छ? बैंकिङ् कसूर तथा सजाय ऐन, २०६४ कार्यान्वयनमा देखिएका समस्याहरू छलफल गर्नुहोस् । २+८=१०
(What is meant by banking offense? Discuss the problems faced in implementation of the Banking Offense and Punishment Act, 2064.)